नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
KAMALADI, KATHMANDU, BAGMATI PROVINCE, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT: NSBINPKA, website: https://nsbl.statebank, e-mail: corporate@nsbl.com.np

मिति: २०८०/१०/१०
प.सं.: एनएसबिएल/सिओ/सिएसओ/२०८०-८१/९८

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**

**सिंहदरबारप्लाजा, काठमाडौं ।**

**विषयः- बैंकको ३०औं वार्षिक साधारण सभाको माईन्यूट सम्बन्धमा ।**

महोदय,

यस नेपाल एसबिआई बैंक लिमिटेडको मिति २०८० पौष १३ गते (तदनुसार २९ डिसेम्बर २०२३), शुक्रबार सम्पन्न तीसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माईन्यूट) यसै पत्रसाथ संलग्न गरी पठाइएको वेहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

भवदीय

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

श्रीधर अधिकारी
कम्पनी सचिव

# नेपाल एसबिआई बैंक लिमिटेड

## तीसौं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माईन्यूट)

१. **वैधानिक सभा :**

नेपाल एसबिआई बैंक लिमिटेडको तीसौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) बमोजिम बैंक संचालक समितिका अध्यक्ष श्री जयती बन्सलज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान तथा समय :**

मिति : वि.सं. २०८० साल पौष १३ गते (तदनुसार २९ डिसेम्वर २०२३), शुक्रवार ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

समय : दिनको ११:०० बजे ।

३. **उपस्थिति :**

**क) संचालकको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री जयती बन्सल | : अध्यक्ष |
| २. | श्री पिनाकी नाथ बनर्जी | : संचालक |
| ३. | श्री भरत राज बस्ती | : संचालक |
| ४. | श्री अप्सरा उप्रेती | : संचालक |
| ५. | डा. गोपाल प्रसाद भट्ट | : स्वतन्त्र संचालक/लेखापरीक्षण समितिका संयोजक |
| ६. | श्री दीपक कुमार दे | : प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत |

**ख) बैकल्पिक संचालकको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री नवराज पौडेल | : वैकल्पिक संचालक |

**ग) पर्यवेक्षकको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री घनश्याम न्यौपाने | : पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |

| | |
|---|---|
| श्रीधर अधिकारी<br>(कम्पनी सचिव) | जयती बन्सल<br>(अध्यक्ष) |

**घ) व्यवस्थापन पदाधिकारीको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री राजेश कुमार पंडा | : | नायब कार्यकारी प्रमुख तथा प्रमुख वित्तीय अधिकृत |
| २. | श्री यादवेंद्र कांत | : | प्रमुख संचालन अधिकृत |
| ३. | श्री छ्पि राज पन्त | : | व्यवसाय प्रवर्द्धन सल्लाहकार |
| ४. | श्री विष्णु देव यादव | : | सहायक महाप्रबन्धक एवं प्रमुख जोखिम तथा अनुपालना अधिकृत |
| ५. | श्री अर्जुन नेपाल | : | सहायक महाप्रबन्धक एवं प्रमुख कर्जा अधिकृत |
| ६. | श्री सुनंद मल्होत्रा | : | प्रमुख प्रविधि अधिकृत |
| ७. | श्री श्रीधर अधिकारी | : | कम्पनी सचिव तथा प्रमुख- लेखापरीक्षण विभाग |
| ८. | श्री रोबर्ट श्रेष्ठ | : | प्रमुख- वित्त तथा योजना विभाग |

**ङ) आमन्त्रितको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री सुनिर कुमार ढुङ्गेल | : | बाह्य लेखापरीक्षक- प्रबन्ध साझेदार, मेसर्स एस.ए.आर. एसोसियट्स, चार्टर्ड एकाउण्टेन्ट्स |
| २. | बरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य | : | कानूनी सल्लाहकार |

**च) शेयरधनीको उपस्थिति :** :

| | | | |
|---|---|---|---|
| १. | स्वयं उपस्थित : | | |
| | प्रत्यक्ष रुपमा उपस्थित | : | ८२८ जना । |
| | अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित | : | १ जना । |
| २ | प्रतिनिधि मार्फत उपस्थित | : | - |

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

## ४. सभामा प्रस्तुत छलफलका विषयहरू :

### क) सामान्य प्रस्ताव :

१. आ.व. २०७९/८० का लागि संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७९/८० को वार्षिक आर्थिक विवरण (२०८० असार मसान्तको वासलात, आ.व. २०७९/८० को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्वन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि." को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ६८,८२,०२,७५२.०१ बराबर (चुक्ता पुंजीमा ६.८० प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व.२०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

६. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

### ख) विशेष प्रस्ताव :

१. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु.३७,९५,२३,५७६.४८ बराबर (चुक्ता पुंजीमा ३.७५ प्रतिशतका दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

२. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको जारी तथा चुक्ता पुँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालनाका लागि बैंकको प्रबन्धपत्रको विभिन्न दफामा संशोधन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने ।

३. बैंकले आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. ८२,८०,०२६.६५ कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. ८२,८०,०२६.६५ लाई अनुमोदन गर्ने ।

| | | |
|---|---|---|
| श्रीधर अधिकारी<br>(कम्पनी सचिव) | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | जयती बन्सल<br>(अध्यक्ष) |

४. बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानून बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने ।

५. नियामक निकायहरुको निर्देशन बमोजिम प्रबन्धपत्रका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

६. विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

## ५. गणपूरक संख्या :

| कुल शेयरधनी संख्या | कुल शेयर संख्या | शेयरधनीको उपस्थिति | | | | | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थित* | | प्रतिनिधि मार्फत | | कुल उपस्थित | | |
| | | संख्या | शेयर | संख्या | शेयर | संख्या | शेयर | |
| ४४,७०३# | १०,१२,०६,२८७.०६ | ८२४ | ७,१५,०८,५०७ | - | - | ८२४ | ७,१५,०८,५०७ | ७०.६६ |

# फ्याक्सन शेयर मात्र धारण गर्ने शेयरधनी सहित कुल शेयरधनी संख्याः ६८,२२९ ।

* जुम (ZOOM) मार्फत समेत ।

## ६. स्वागत एवं आसन ग्रहण :

सभाको शुरूमा कम्पनी सचिव श्री श्रीधर अधिकारीले साधारण सभाका लागि प्रत्यक्ष रुपमा सभास्थलमा उपस्थित एवं अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई हार्दिक स्वागत गर्नुभयो । तत्पश्चात् कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम १ अनुरुप संचालक समितिका अध्यक्ष श्री जयती बन्सलज्यूलाई साधारण सभाको अध्यक्षता गरिदिन मन्चमा आमन्त्रण गर्नुभयो र सभाध्यक्षको आसन ग्रहणपश्चात् सभाध्यक्षको अनुमतिमा कम्पनी सचिवले संचालकहरु, पर्यवेक्षक, आमन्त्रित महानुभावहरु तथा बैंक व्यवस्थापन पदाधिकारीहरुलाई साधारण सभामा हार्दिक

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

स्वागत गर्दै मञ्चमा आई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । सभास्थलमा प्रत्यक्ष उपस्थित एवं अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई कम्पनी सचिवले यथास्थानमा आसन ग्रहणका लागि अनुरोध गर्नुभयो । आसन ग्रहण पश्चात् राष्ट्रिय गान गाउने कार्य सम्पन्न भयो ।

७. सभाको वैधानिकता :

तीसौं वार्षिक साधारण सभा शुरु हुनु पूर्व सभाको वैधानिकताको विषयमा छलफल भयो । साधारण सभाको सूचना वि.सं. २०८० मंसिर २२ गतेको "कारोबार" राष्ट्रिय दैनिक तथा मिति २०८० पौष ११ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै उक्त सूचना तथा साधारण सभामा छलफल गरिने विषयहरू सहितको बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरण शेयरधनीहरुको आवश्यक जानकारीका लागि मिति २०८० मंसिर २२ गते बैंकको वेबसाइटमा राखिएको तथा शेयरधनी महानुभावहरुको व्यक्तिगत वा इमेल ठेगानामा पनि पठाइएको थियो । शेयरधनीहरुको जानकारीका लागि साधारण सभा सम्बन्धी सूचना मिति २०८० मंसीर २७ गते रेडियो अन्नपूर्ण एफ.एम. मार्फत समेत प्रशारण गरिएको थियो । राष्ट्रिय दैनिकमा प्रकाशित तथा रेडियो मार्फत प्रशारण भएको ३०औं वार्षिक साधारण सभा सम्बन्धी सूचनामा मिति २०८० मंसिर २९ गते १ दिनका लागि बैंकको शेयर दाखिल खारेज बन्द रहने व्यहोरा समेत जानकारी गराईएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम आवश्यक कागजात र सभामा पेश हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काइस दिन अगावै तयार गरी शेयरधनीहरूले बैंकको प्रधान कार्यालय, कमलादी, काठमाडौं तथा बैंकको शेयर रजिष्ट्रार, नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, ठमेल, काठमाडौंमा निरीक्षण गर्न सक्ने व्यवस्था मिलाइएको थियो । साथै, साधारण सभा सम्बन्धी सूचना, जानकारी तथा बैंकको वार्षिक प्रतिवेदन बैंकको वेबसाइट मार्फत समेत उपलब्ध गराइएको थियो । अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत साधारण सभामा जोडिन इच्छुक शेयरधनीहरुलाई Meeting ID तथा Password उपलब्ध गराईएको थियो ।

कुल ४४,७०३ शेयरधनीहरु (फ्राक्सन शेयर मात्र धारण गर्ने शेयरधनी बाहेक) मध्ये प्रत्यक्ष रुपमा सभास्थलमा स्वयं उपस्थित हुनुभएका ८२८ जना शेयरधनीहरू र अनलाईन/भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत साधारण सभामा जोडिनुभएका १ जना शेयरधनी समेत कुल ८२९ शेयरधनी साधारण सभामा उपस्थित हुनुभएको र कुल चुक्ता पुँजीको ७०.६६ प्रतिशत शेयरको प्रतिनिधित्व भएको देखियो । सभामा उपस्थित सबै शेयरधनीहरू सभामा भाग लिन तथा मतदान गर्न पाउने जानकारी गराउँदै तीसौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको प्रावधान बमोजिम शेयरधनीहरूलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) एवं बैंकको नियमावली अनुरूपको गणपूरक संख्यासमेत पुगेको बेहोरा कम्पनी सचिव श्री श्रीधर अधिकारीले सभाध्यक्ष समक्ष प्रस्तुत गर्नुभयो । साथै, कम्पनी सचिवले कम्पनी ऐन, २०६३

श्रीधर अधिकारी
(कम्पनी सचिव)

जयती बन्सल
(अध्यक्ष)

को दफा १६४ को उपदफा ८ बमोजिम लेखापरीक्षण समितिका अध्यक्ष/संयोजक लगायत कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम यस बैंकका सम्पूर्ण संचालकहरु साधारण सभामा उपस्थित रहनुभएको जानकारी सभा समक्ष प्रस्तुत गर्नुभयो । सभाले कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम साधारण सभा बोलाईएको हो भन्ने यकिन गरेको र त्यस सम्बन्धमा अन्य प्रचलित ऐन, कानूनको पालना गरेको एवं रीतपूर्वक साधारण सभाको सूचना दिइएकाले साधारण सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको सभाले साधारण सभा गर्न मन्जुर गरेकाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम साधारण सभा रीतपूर्वक बोलाइएको पाइएको हुँदा सभाध्यक्ष श्री जयती बन्सलज्यूले सभाको काम कारवाही शुरू गर्नुभयो ।

सभामा भएको छलफल तथा निर्णयको विवरण देहाय बमोजिम रहेको छ ।

## ८. सभा संचालन तथा प्रतिवेदन प्रस्तुति :

क) तीसौं वार्षिक साधारण सभाका सभाध्यक्ष श्री जयती बन्सलज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै आ.व. २०७९/८० का लागि संचालक समितिको प्रतिवेदन तथा सोमा आधारित आफ्नो मन्तव्य सभासमक्ष प्रस्तुत गर्नुभयो ।

ख) सभाध्यक्षले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७९/८० को वार्षिक आर्थिक विवरण (२०८० असार मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), आ.व. २०७९/८० को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफलका लागि प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सभाध्यक्षले प्रस्तुत संचालक समितिको प्रतिवेदन तथा वार्षिक आर्थिक विवरण उपरको छलफलमा भाग लिन तथा बैंकको कार्यसम्पादन एवं व्यावसायिक गतिविधिका सम्बन्धमा आफ्नो राय, जिज्ञासा तथा सुझाव व्यक्त गर्नका लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

## ९. छलफलमा सहभागी शेयरधनीहरू :

छलफलका क्रममा देहायमा उल्लेख भए बमोजिमका शेयरधनी महानुभावहरूले प्रस्तुत संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण तथा बैंकको कार्यसम्पादन एवं व्यावसायिक गतिविधिका सम्बन्धमा आ-आफ्ना राय, जिज्ञासा तथा सुझाव व्यक्त गर्नुभयो ।

| | |
|---|---|
| श्रीधर अधिकारी<br>(कम्पनी सचिव) | जयती बन्सल<br>(अध्यक्ष) |

**क) साधारण सभास्थलमा प्रत्यक्ष उपस्थित भई छलफलमा सहभागी शेयरधनीहरू :**

- ✓ श्री शत्रुघन श्रेष्ठ
- ✓ श्री लवराज जोशी
- ✓ श्री उत्तम दत्त पाण्डे
- ✓ श्री नरसिंह लाल चंखू
- ✓ श्री कुवेर लाल श्रेष्ठ
- ✓ श्री भक्ति प्रसाद उप्रेती
- ✓ श्री डमरु वल्लभ घिमिरे
- ✓ श्री वैजुनाथ रौनियार
- ✓ श्री दिलीप मान श्रेष्ठ
- ✓ श्री भरत वहादुर कार्की
- ✓ श्री सुदिप श्रेष्ठ
- ✓ श्री व्यास कुमार शर्मा
- ✓ श्री धुव राज न्यौपाने
- ✓ श्री निरुपमा गुप्ता
- ✓ श्री उत्सव सुन्दर श्रेष्ठ
- ✓ श्री महेन्द्र वहादुर श्रेष्ठ
- ✓ श्री रामचन्द्र पोखरेल (प्रतिनिधि-कर्मचारी संचय कोष)

**ख) लिखित रुपमा मन्तव्य/सुझाव उपलब्ध गराउने शेयरधनीहरू :**

- ✓ श्री कृष्ण प्रसाद अधिकारी
- ✓ श्री ब्रम्हदेव शाक्य
- ✓ श्री चन्द्र नारायण श्रेष्ठ

## १०. मन्तव्य, प्रतिक्रिया तथा प्रत्युत्तर :

छलफलका क्रममा उल्लेखित शेयरधनीहरूले आ-आफ्ना मन्तव्य राख्ने क्रम सम्पन्न भए पश्चात् सभाध्यक्ष श्री जयती बन्सलज्यूले संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण तथा बैंकको कार्यसम्पादन एवं व्यावसायिक गतिविधिका सम्वन्धमा शेयरधनीहरूवाट व्यक्त मन्तव्यका लागि हार्दिक आभार प्रकट गर्दै उहाँहरुले व्यक्त गर्नुभएको राय, जिज्ञासा एवं सुझावको सम्वोधन गरी प्रतिक्रिया दिन प्रवन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री दीपक कुमार दे लाई अनुरोध गर्नुभयो ।

शेयरधनीहरूवाट व्यक्त धारणा, राय, जिज्ञासा तथा सुझावको सार यसै माईन्यूटको अभिन्न अंगको रूपमा अनुसूची १ मा समावेश गरिएको छ ।

| | | |
|---|---|---|
| श्रीधर अधिकारी<br>(कम्पनी सचिव) | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | जयती बन्सल<br>(अध्यक्ष) |

**प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री दीपक कुमार दे ले सभास्थलमा प्रत्यक्ष उपस्थित तथा भर्चुअल (प्रविधिको) माध्यम जुम (ZOOM) मार्फत साधारण सभामा सहभागी शेयरधनीहरुलाई स्वागत गर्नुभयो र शेयरधनीहरूबाट व्यक्त राय, जिज्ञासा एवं सुझावको देहाय बमोजिम सम्बोधन गर्नुभयो :**

- बैंकको आफ्नो भवनको निर्माण कार्य सम्पन्न भई सो स्थानमा बैंकको प्रधान कार्यालय स्थानान्तरण भएको र हाल सोही स्थलबाटै बैंकको प्रधान कार्यालयका सेवाहरु प्रवाह भइरहेको तथ्य शेयरधनीहरुलाई जानकारी गराउन पाउँदा हर्षित महसुस भएको धारणा व्यक्त ।
- बैकको प्रधान कार्यालय भवन निर्माण गर्न सल्लाह सुझाव दिई निरन्तर उत्प्रेरित गराइरहनुहुने शेयरधनी महानुभावहरु, भवन निर्माण कार्य समयमै सम्पन्न गर्न निरन्तर रेखदेख, सुपरिवेक्षण, अनुगमन कार्यमा संलग्न कर्मचारीवर्ग तथा निर्माणकार्यसँग सम्वद्ध सम्पूर्ण पक्षहरुलाई धन्यवाद ज्ञापन ।
- शेयरधनीहरुको अपेक्षा बमोजिम गत वर्ष दोहोरो अंकको लाभांश वितरण भएकोमा सो लाई निरन्तरता दिँदै यस वर्ष पनि सोही बमोजिम लाभांश वितरणका लागि साधारण सभा समक्ष प्रस्ताव गर्न पाउँदा हर्षित भएको धारणा व्यक्त ।
- बैंकको व्यवसाय विस्तार गर्दै नवीनतम प्रविधियुक्त सेवाहरु ग्राहकमाझ उपलब्ध गराउने क्रममा बैंकले रुपे कार्ड एक्वायरिङ्ग सेवा सुरुवात गरेको तथा उक्त सेवा हाल नेपालमा नेपाल एसबिआई बैंकको एटिम तथा पिओएस मेसिनमा मात्र स्वीकार भइरहेको जानकारी दिँदै सो सेवाबाट भारतीय पर्यटकहरुलाई नेपालमा रकम झिक्न एवं भुक्तानी गर्न सहज हुने तथा यसले पर्यटन प्रवर्धन तथा व्यापार विस्तारमा टेवा पुग्ने विश्वास व्यक्त ।
- भारतमा अत्यन्तै लोकप्रिय एवं प्रतिष्ठित प्रोडक्टको रुपमा रहेको भारतीय स्टेट बैंकको उच्च स्तरको एवं सुरक्षित मोवाइल बैंकिङ एप्लीकेशन, योनो (YONO) नेपाल एसबिआई बैंकले आफ्ना ग्राहकहरुको सुविधाका लागि आवश्यकता बमोजिमका विशेषताहरु थप गरी प्रयोगमा ल्याएको र उक्त मोवाइल बैंकिङ एप्लीकेशन, योनो नेपाल एसबिआई (YONO Nepal SBI) को प्रयोग एवं उपयोगिता दिनानुदिन बढिरहेको जानकारी ।
- बैंकले हाल मास्टरकार्ड ब्राण्डका डेबिट कार्ड पनि जारी गर्न सुरु गरेकाले नेपाल एसबिआई बैंकका ग्राहकलाई मास्टरकार्ड ब्राण्डका डेबिट कार्ड र साविकदेखि जारी हुँदै आएका भिषा ब्राण्डका डेबिट कार्डमा छनौट गरी आफ्नो आवश्यकता र रुची बमोजिमको कार्ड सेवा उपयोग गर्ने सुविधा उपलब्ध भएको र यसबाट बैंकको व्यवसाय विस्तारमा सहयोग पुग्ने अपेक्षा व्यक्त ।
- बैंकको सहायक कम्पनी नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि. ले एसबीआई क्यापिटल मार्केट लि. सँग समझदारीपत्रमा हस्ताक्षर गरेको जानकारी दिँदै यसबाट नेपालमा संचालन हुने ठूला परियोजनाहरुका सम्वन्धमा वित्तीय परामर्श सेवा उपलब्ध हुने र भविष्यमा द्विपक्षीय सहयोगका थप आयामहरु समेत विस्तार हुने विश्वास व्यक्त गर्दै भविष्यमा बैंकको सहायक कम्पनीबाट उच्च प्रतिफल प्राप्त हुने विश्वास व्यक्त ।

| | | |
|---|---|---|
| श्रीधर अधिकारी<br>(कम्पनी सचिव) | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | जयती बन्सल<br>(अध्यक्ष) |

- विगत तीन वर्षमा बैंकको व्यवसाय क्रमिक रुपमा विस्तार हुँदै गएको र बैंकले दिगो रुपमा प्रतिफल प्राप्त हुने गरी कार्य गरिरहेको जानकारी ।
- शेयरधनीहरुबाट आगामी वर्ष १५% लाभांस वितरण गर्ने गरी कार्य गर्न दिइएको सुझावलाई मनन गरेको र सो को लागि प्रयास गर्ने प्रतिवद्धता व्यक्त ।
- निष्कृय कर्जा अनुपात घटाउन बैंकले विभिन्न कदमहरु चाल्दै आएको र शेयरधनी महानुभावहरुबाट सो सम्बन्धमा प्राप्त सुझाव मनन गर्दै निष्कृय कर्जा न्यूनीकरण गर्ने दिशामा थप प्रयासहरुका साथ अघि बढ्ने प्रतिवद्धता व्यक्त ।
- बैंक मर्जर/एक्विजिसनमा जान उपयुक्त हुने/नहुने तथा आवश्यक रहे/नरहेको सम्बन्धमा शेयरधनीहरुबाट व्यक्त धारणाका सम्बन्धमा बैंक वा वित्तीय संस्थाको वित्तीय अवस्था, कार्य प्रणाली, कार्य संस्कृति तथा अन्य आयाम समेतका आधारमा उपयुक्त र आवश्यक भएको अवस्थामा मर्जर वा एक्विजिसनमा जान सकिने धारणा व्यक्त ।
- बैंकले हाल प्राप्त गरेको क्रेडिट रेटिङ्ग "डबल ए" लाई वृद्धि गरी "ट्रिपल ए" रेटिङ्ग प्राप्त हुने गरी कार्य गर्न प्राप्त सुझाव मनन गरेको र सो का लागि प्रयास गर्ने धारणा व्यक्त ।
- जोखिम व्यवस्थापन प्रणालीलाई चुस्त र दुरुस्त राख्न आवश्यक सुधार एवं परिमार्जन कार्य निरन्तर रुपमा गर्ने प्रतिबद्धता व्यक्त ।
- बैंकले संचालन गर्ने संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु अन्तर्गत शेयरधनीहरु महानुभावहरुबाट समेट्न आग्रह गरिएका क्षेत्रहरुलाई मनन गरिएको र नियामकीय प्रावधानहरुको अधिनमा रही आवश्यकताका एवं औचित्यताका आधारमा त्यस्ता क्षेत्रहरु समेटिने प्रतिवद्धता व्यक्त ।
- बैंकमा रहेको संस्थागत निक्षेप राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रहेको जानकारी ।
- क्रेडिट कार्ड सेवा सुरुवात गर्न प्राप्त सुझावका सम्बन्धमा बैंकले सो को सम्भाव्यता एवं आवश्यकता हेरी उपयुक्त देखिएमा सोही बमोजिम सेवा सुरु गर्न पहल गरिने जानकारी ।
- कर्मचारीहरुलाई सेवामा निरन्तर कायम राख्नका लागि बैंकले गर्नुपर्ने कार्य सम्बन्धी सुझावका सन्दर्भमा बैंकले आवश्यकताका आधारमा कर्मचारी भर्ना तथा नियुक्ति गर्ने गरेको र कर्मचारीहरुको क्षमता वृद्धि गर्न तथा निजहरुलाई उत्प्रेरित गर्न आवश्यक कार्यहरु गर्दै आएको जानकारी प्रस्तुत ।
- बैंकले निर्माण गरेको आफ्नो प्रधान कार्यालय भवनमा फरक ढंगले सक्षम व्यक्तिहरुका लागि समेत आवत जावत गर्न तथा सेवा लिन सहज हुने व्यवस्था मिलाएको र आगामी दिनहरुमा साधारण सभा आयोजना स्थलमा समेत सो कुराको ख्याल गरी आवश्यक व्यवस्था गर्ने प्रतिवद्धता व्यक्त ।
- बजारको आवश्यकता बमोजिमका नयाँ प्रोडक्ट तथा सेवाहरु यथा समयमा ल्याउने कार्य सदैव बैंकको प्राथमिकतामा रहेको जानकारी ।

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

- शेयरधनी महानुभावहरुको अपेक्षा तथा सम्बद्ध सरोकारवालाहरुको आपसी सहयोग एवं सहकार्यका साथ नेपाल एसबिआई बैंक निरन्तर रुपमा व्यवसाय विस्तार गर्दै अघि बढेको र आगामी दिनमा थप वृद्धि हाँसिल गर्ने दिशामा उन्मुख रहेको धारणा व्यक्त ।
- छलफलमा सहभागी सम्पूर्ण शेयरधनीहरुबाट व्यक्त धारणा, राय एवं सुझावलाई उच्च महत्वका साथ लिइएको र उक्त राय एवं सुझावहरुलाई आवश्यकता, उपयुक्तता एवं सम्भाव्यताका आधारमा प्रचलित नियामकीय एवं कानूनी प्रावधानहरुको अधिनमा रही कार्यान्वयन गर्न पहल गरिने प्रतिवद्धता व्यक्त ।

११. साधारण सभाको निर्णय :

क) सामान्य प्रस्तावतर्फ :

१. छलफलको विषयसूची नं. १ बमोजिम सभाध्यक्षले संचालक समितिका तर्फबाट पेश गर्नुभएको आ.व. २०७९/८० का लागि संचालक समितिको प्रतिवेदन पारित गरिदिन सभा समक्ष प्रस्ताव राख्नुभएकोमा सभाले सो संचालक समितिको प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

२. तत्पश्चात् सभाध्यक्षको प्रस्तावमा सभाले लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०७९/८० को वार्षिक आर्थिक विवरण (२०८० असार मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), आ.व. २०७९/८० को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण लगायत वार्षिक आर्थिक विवरणसँग सम्वन्धित अनुसूचीहरु समेत) छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड" को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गरिदिन सभाध्यक्षले सभामा प्रस्ताव राख्नुभएकोमा सभाले सो प्रस्ताव सर्वसम्मतिले स्वीकृत/पारित गऱ्यो ।

४. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ६८,८२,०२,७५२.०१ (अक्षरेपी अठसट्ठी करोड बयासी लाख दुई हजार सात सय बाउन्न रुपैयाँ एक पैसा मात्र) बराबर (चुक्ता पुँजीमा ६.८० प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा उक्त नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

श्रीधर अधिकारी
(कम्पनी सचिव)

जयती बन्सल
(अध्यक्ष)

५. आर्थिक वर्ष २०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावका सम्बन्धमा सभाध्यक्षले कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६१(ङ) को प्रावधानअनुरूप बैंकको लेखापरीक्षण समितिले प्रचलित कानून बमोजिम लेखापरीक्षकमा नियुक्त हुन योग्य तीन जना लेखापरीक्षकहरु मेशर्स पिकेएफ टि.आर. उपाध्या एण्ड कं, चार्टर्ड एकाउण्टेन्ट्सलाई पहिलो क्रममा, मेशर्स बी.आर.एस. न्यौपाने एण्ड कं, चार्टर्ड एकाउण्टेन्ट्सलाई दोस्रो क्रममा तथा मेशर्स एन.बी.एस.एम. एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेन्ट्सलाई तेस्रो क्रममा राखी मूल्याङ्कनको आधारमा पहिलो क्रममा रहेको मेशर्स पिकेएफ टि.आर. उपाध्या एण्ड कं, चार्टर्ड एकाउण्टेन्ट्सलाई बैंकले प्रस्ताव पेश गर्न गरेको आह्वान (Request for Proposal) मा उल्लेखित शर्त एवं प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्ने गरी आ.व. २०८०/८१ का लागि बैंकको लेखापरीक्षक नियुक्त गर्न र निजको पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रु. २५,००,०००/- (अक्षरेपि पच्चीस लाख रुपैयाँ मात्र) (भैपरी आउने खर्च समेत) निर्धारण गर्न सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्न तथा लेखापरीक्षणको शर्त सहित निजको पारिश्रमिक निर्धारण गर्न सभाध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले तदनुरूप आ.व. २०८०/८१ का लागि मेशर्स पिकेएफ टि.आर. उपाध्या एण्ड कं, चार्टर्ड एकाउण्टेन्ट्सलाई बैंकले प्रस्ताव पेश गर्न गरेको आह्वान (Request for Proposal) मा उल्लेखित शर्त एवं प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्ने गरी आ.व. २०८०/८१ का लागि बैंकको लेखापरीक्षक नियुक्त गर्ने एवं निजको पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रु. २५,००,०००/- (अक्षरेपि पच्चीस लाख रुपैयाँ मात्र) (भैपरी आउने खर्च समेत) निर्धारण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गऱ्यो ।

६. निर्धारित विषयसूची नं. ६ "विविध (अध्यक्षज्यूको अनुमतिमा)" अन्तर्गत कुनै प्रस्ताव नभएको ।

**ख) विशेष प्रस्ताव :**

१. सभाध्यक्षले विशेष प्रस्तावको बुँदा १ बमोजिम बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरूलाई रु. ३७,९५,२३,५७६.४८ (अक्षरेपि सैंतिस करोड पन्चानब्बे लाख तेइस हजार पाँच सय छयहत्तर रूपैयाँ अठचालिस पैसा मात्र) बराबर (चुक्ता पुँजीमा ३.७५ प्रतिशत अर्थात प्रत्येक १०० कित्ता बराबर ३.७५ कित्ताका दरले) बोनस शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

२. माथि विशेष प्रस्तावको बुँदा १, को फलस्वरुप बैंकको जारी तथा चुक्ता पुँजीलाई वृद्धि गर्नुपर्ने भएका कारण बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको

श्रीधर अधिकारी
(कम्पनी सचिव)

जयती बन्सल
(अध्यक्ष)

अनुपालनाका लागि बैंकको प्रबन्धपत्रको दफा ५(१)(ख) र ५(१)(ग) मा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो । सभाबाट पारित प्रबन्धपत्रको संशोधन देहाय बमोजिम रहेको :

<u>क) प्रबन्धपत्रमा संशोधन</u> :

१. <u>दफा ५(१)(ख) को सट्टामा देहाय बमोजिम दफा ५(१)(ख) कायम गरिएको :</u>
बैंकको जारी पुंजी रु. १०,५०,०१,५२,२८२/- (दश अर्ब पचास करोड एक लाख बाउन्न हजार दुई सय बयासी रुपैयाँ) हुनेछ । जसलाई रु. १००/- (एक सय रुपैयाँ) का दरले १०,५०,०१,५२२.८२ (दश करोड पचास लाख एक हजार पाँच सय बाईस दशमलव बयासी) साधारण शेयरमा विभाजन गरिएको छ ।

२. <u>दफा ५(१)(ग) को सट्टामा देहाय बमोजिम दफा ५(१)(ग) कायम गरिएको :</u>
बैंकको चुक्ता पुंजी रु. १०,५०,०१,५२,२८२/- (दश अर्ब पचास करोड एक लाख बाउन्न हजार दुई सय बयासी रुपैयाँ) हुनेछ ।

३. विशेष प्रस्ताव अन्तर्गत बुँदा ३ मा प्रस्तावित गरिए बमोजिम बैंकले आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च रु. ८२,८०,०२६.६५ (अक्षरेपि बयासी लाख असी हजार छब्बिस रुपैयाँ पैंसट्ठी पैसा मात्र) कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तर्गत भएको खर्च रु. ८२,८०,०२६.६५ (अक्षरेपि बयासी लाख असी हजार छब्बिस रुपैयाँ पैंसट्ठी पैसा मात्र) लाई अनुमोदन गरिदिन सभाध्यक्षले सभासमक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

४. विशेष प्रस्ताव अन्तर्गत बुँदा ४ मा प्रस्तावित गरिए अनुसार बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानून बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

प्रचलित नियम, कानून बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

५. तत्पश्चात् सभाध्यक्षले विशेष प्रस्ताव नं. ५ अन्तर्गत नियामक निकायहरूको निर्देशन बमोजिम प्रबन्धपत्रका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले प्रबन्धपत्रको संशोधित व्यवस्था तथा त्यसको तीन महले तयार गर्ने, भाषागत एवं ढाँचागत स्वरूप निर्धारण गर्ने, त्यसको हेरफेर गर्ने, प्रमाणित गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक लगायत सम्बद्ध निकायसमक्ष आवश्यकता अनुसार प्रबन्धपत्र संशोधनको अभिलेख तथा स्वीकृति गराउने लगायतका आवश्यक कामकारबाही गर्न तथा यस साधारण सभाका कुनैपनि निर्णयको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा त्यस्तो अस्पष्टता वा द्विविधा हटाउन उचित व्याख्या गर्ने तथा यस सम्बन्धमा नियामक निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई प्रबन्धपत्रका संशोधित दफामा आवश्यकता अनुसार परिवर्तन/परिमार्जन गर्न अख्तियारी प्रदान गर्ने प्रस्ताव/निर्णय सर्वसम्मतिबाट पारित गऱ्यो ।

६. निर्धारित विषयसूची नं. ६ "विविध (अध्यक्षज्यूको अनुमतिमा)" अन्तर्गत कुनै प्रस्ताव नभएको ।

**१२. सभाध्यक्षले साधारण सभामा प्रस्तुत सम्पूर्ण विषयहरूमा आधिकारिक छलफल भई पारित भएको घोषणा गर्नुभयो ।**

तत्पश्चात् दिनको करिब २:३५ बजे सभाध्यक्ष श्री जयती बन्सलज्यूले विधिवत रुपमा सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| श्रीधर अधिकारी<br>(कम्पनी सचिव) | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | जयती बन्सल<br>(अध्यक्ष) |

*अनुसूची १*

## छलफलमा सहभागी शेयरधनीहरूले व्यक्त गर्नुभएका धारणा, राय, जिज्ञासा तथा सुझावको सार

### क) साधारण सभास्थलमा प्रत्यक्ष उपस्थित भई छलफलमा सहभागी शेयरधनीहरू :

**१. श्री शत्रुघन श्रेष्ठ :**

- Expressed satisfaction for construction of own corporate office building.
- Acknowledged satisfactory business growth and achievement.
- Appreciated for being able to propose for distribution of 10.55% of dividend comprising 6.80% of cash dividend and 3.75% of bonus shares despite adverse situation created by Russia-Ukraine unrest and impacts of COVID-19.
- Admired disciplined, capable and hard-working work force of the Bank.
- Advised for attaining steady business growth and better results in coming period in consistent and sustainable manner.
- Advised to distribute 15% dividend next year.
- Advised to reduce NPA ratio.

**२. श्री लवराज जोशी :**

- बैंकले शेयरधनीहरुलाई १०.५५% लाभांश वितरण गर्न प्रस्ताव गरेकोमा बैंकको संचालक समितिका अध्यक्ष, संचालकहरु, प्रवन्ध संचालक तथा सम्पूर्ण कर्मचारीलाई धन्यवाद ज्ञापन ।
- शाखा विस्तार तथा डिजिटल प्रणालीको स्तरोन्नति गर्दै भारतमा जारी रुपे कार्ड यस बैंकका एटिएम तथा पिओएसमा एक्वायरिङ्ग गर्ने सेवा सुरुवात गरेको तथा आधुनिक प्रविधिमा आधारित मोबाईल बैंकिङ्ग एप्लीकेशन, योनो नेपाल एसबिआई संचालनमा ल्याएकोमा खुसी व्यक्त ।
- बैंकको निष्कृय कर्जा अनुपात गत वर्षहरुको तुलनामा वृद्धि भई २.४३ प्रतिशत पुगेकोमा सो घटाउने तर्फ आवश्यक पहलकदमी लिन ध्यानाकर्षण ।
- भारतीय स्टेट बैंकको सह लगानीमा स्थापित यस नेपाल एसबिआई बैंक लिमिटेडले भारतीय स्टेट बैंकसंग रहेको नवीनतम एवं उच्च स्तरको प्रविधिगत ज्ञान एवं क्षमताबाट प्रचुर लाभ लिई बैंकबाट प्रवाह हुने प्रविधिगत सेवा सुविधाहरुलाई उच्च स्तरमा पुऱ्याउन सुझाव ।
- यस बैंकमा भारतीय स्टेट बैंकबाट खटिई आउनुभएका पदाधिकारीहरुबाट बैंकले प्राप्त गर्ने लाभलाई मध्यनजर गर्दै निजहरुको पदावधि बढाउने तर्फ पहल गर्न अनुरोध ।
- बैंकले आफ्नो प्रधान कार्यालय भवन निर्माण सम्पन्न गरेको एवं सो बाट यसपूर्व प्रधान कार्यालय बहालमा लिंदा हुने गरेको भाडा रकम बापतको खर्च कम हुन गएकोमा खुसी व्यक्त ।
- बैंकका कमजोर पक्षहरु पहिचान गरी आवश्यक सुधार गर्न सुझाव ।
- बैंकले प्रगतिको मार्गमा निरन्तर अघि बढ्न अवलम्बन गर्ने क्रियाकलापहरुमा शेयरधनीहरुको सदैव साथ र समर्थन रहने विचार व्यक्त ।

**श्रीधर अधिकारी**
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

**जयती बन्सल**
(अध्यक्ष)

३. श्री उत्तम दत्त पाण्डे :

- यस वर्ष पनि दोहोरो अंकमा लाभांश वितरण गर्न प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन ।
- यस वर्ष वृद्धि हुन गएको बैंकको निष्कृय कर्जा अनुपाततर्फ इंगित गर्दै खराब कर्जा असुली तथा व्यवस्थापनमा उच्च प्राथमिकता दिन तथा सो मा भएको प्रगति निरन्तर रुपमा समिक्षा गर्दै निष्कृय कर्जा अनुपात न्यूनीकरण गर्न आवश्यक उपायहरु अवलम्बन गर्न सुझाव ।
- यस बैंकमा भारतीय स्टेट बैंकबाट खटिई आउनुभएका प्रबन्ध संचालकले बैंकको प्रगतिमा निर्वाह गर्नुभएको भुमिकाका आधारमा निजको कार्यकाल थप गर्न पहल गर्न सुझाव ।
- यस बैंकले अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग मर्जर गर्न आवश्यक नलागेको धारणा व्यक्त ।
- बैंकले विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रम संचालन गर्न गरेको योगदानप्रति सन्तुष्टी व्यक्त ।
- बैंकको उत्तरोत्तर प्रगतिको कामना ।

४. श्री नरसिंह लाल चंखू :

- Expressed gratitude to the Management team for appreciable performance and efficiency.
- Thanked for providing good returns to the shareholders and maintaining sound reputation in the market and anticipated that the Bank will achieve greater height in future.
- Noted sound position of the Bank with adequate reserve fund and retained earnings.
- Suggested to reduce the operating cost for maximization of profit.
- Noted major financial parameters at satisfactory level except the ratio of NPA and suggested for management of non-performing loans and strengthen recovery measures for reducing NPA.
- Suggested to make necessary efforts and improvement in required areas for achieving issuer rating of "Triple A".
- Stated that digital initiatives adopted by the Bank are good steps for the progress and digital transformation of the Bank.
- Wished for further progress in the future.

५. श्री कुवेर लाल श्रेष्ठ :

- Conveyed thankfulness to the Managing Director & Chief Executive Officer as well as staff members of the Bank for construction of own corporate office building.
- Expressed expectation of at least 15% dividend in the next year.
- Appreciated the Management for adopting initiatives towards technological advancement including launching of YONO Nepal SBI and RuPay Card.
- Stated that growth in deposits is appreciable and increment in profit is satisfactory.
- Praised for contribution made towards CSR activities and requested for including CSR activity at Pathibhara Devi Temple premises.
- Advised to reduce NPA.
- Requested Management to continue cordial relationship being maintained by the Bank with the shareholders.
- Suggested for making efforts for extension of the tenure of Managing Director & Chief Executive Officer of the Bank.
- Wished for the better achievement and prosperity of the Bank in coming days.

| | | |
|---|---|---|
| श्रीधर अधिकारी<br>(कम्पनी सचिव) | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | जयती बन्सल<br>(अध्यक्ष) |

६. श्री भक्ति प्रसाद उप्रेती :

- बैंकले १०.५५% लाभांश वितरणको प्रस्ताव गरेकोमा बैंक व्यवस्थापन एवं सम्पूर्ण कर्मचारीवर्गमा धन्यवाद ज्ञापन र आगामी दिनमा दिगोपना कायम हुनेगरी अझ उच्च लाभांश वितरण हुने कुरामा विश्वास व्यक्त ।
- विषम परिस्थितिका वावजुद खुद व्यापारिक आम्दानी वृद्धि गर्न सफल भएकमोमा खुशी व्यक्त ।
- लगातार सातौं पटक "डबल ए" रेटिङ्ग प्राप्त गर्न सफल भएकोमा बधाई ज्ञापन ।
- निष्कृय कर्जा अनुपातमा गत वर्षको तुलनामा अधिक वृद्धि भएको देखिएकोले आगामी दुई वर्षभित्रमा निष्कृय कर्जा अनुपातलाई विगतकै जस्तै न्यून अंकमा पुऱ्याउन सुझाव ।
- निष्कृय कर्जाको असुलीको लागि आवश्यक उपायहरु अवलम्वन गर्न सुझाव ।
- प्रमुख वित्तीय विवरणहरु तथा वित्तीय सूचकहरु लगायत सम्बन्धित आर्थिक वर्षको अवस्थालाई विगतका वर्षहरुसंग तुलनात्मक रुपले अध्ययन गर्न सकिने गरी बार रेखाचित्र तथा पाई चार्ट मार्फत समेत प्रस्तुत गरी वार्षिक प्रतिवेदनको अग्रभागमा राखिएमा शेयरधनीहरुलाई बुझ्न अझ सजिलो हुने धारणा व्यक्त ।
- बैंकलाई मर्जर वा एक्विजिसन गर्न जरुरी नभएको विचार व्यक्त ।

७. श्री डमरु बल्लभ घिमिरे :

- बैंकले शेयरधनीहरुको आग्रहलाई सम्वोधन हुने गरी लाभांश वितरण गर्न प्रस्ताव गरेकोमा धन्यवाद ज्ञापन ।
- बैंकको वार्षिक आर्थिक विवरण सन्तोषजनक रहेकोले बैंकप्रतिको सर्वसाधारण जनताको विश्वास अझ वृद्धि हुने धारणा व्यक्त ।
- बैंकले आफ्नो प्रधान कार्यालय भवन निर्माण गरेकोमा खुसी व्यक्त ।
- बैंकलाई मर्जर वा एक्विजिसन प्रक्रियामा जान उपयुक्त नहुने सुझाव ।
- बैंकलाई आगामी दिनहरुमा अझ धेरै प्रगतिका लागि शुभकामना ।

८. श्री बैजुनाथ रौनियार :

- बैंकले निरन्तर कारोवार वृद्धि गर्दै लगेकाले आगामी वर्षमा राम्रो प्रतिफल प्राप्त हुने अपेक्षा व्यक्त ।
- निष्कृय कर्जा घटाउनका लागि व्यवस्थापनले उचित कदम चाल्नु पर्ने सुझाव ।
- कारागारमा रहेका कैदीहरुको छोराछोरीहरुको शिक्षाका लागि समेत बैंकले संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु संचालन गर्न सुझाव ।
- ईस्वी सम्वत अनुसारको नयाँ वर्षको अग्रिम शुभकामना व्यक्त ।

९. श्री दिलिप मान श्रेष्ठ :

- बैंकका उच्च पदमा रहेका कर्मचारीहरुको अनुभव एवं विज्ञतावाट लाभान्वित हुन निजहरुको सेवा अवधि रहुन्जेल सेवामा निरन्तर कायम राख्न उत्प्रेरित गर्नु पर्ने धारणा व्यक्त ।
- बैंकले भारतीय स्टेट बैंकमा निहित उच्च स्तरको विज्ञता, क्षमता एवं अनुभवबाट अधिकतम लाभ प्राप्त गरी बैंकिङ्ग व्यवसायमा उत्कृष्टता हाँसिल गर्न तथा मुलुकमा रहेका वाणिज्य बैंकहरु मध्ये उत्कृष्ट पाँचभित्र पर्ने गरी कार्य गर्न सुझाव ।

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयंती बन्सल
(अध्यक्ष)

- निष्कृय कर्जा घटाउने उपायहरु पहिचान गरी त्यस तर्फ आवश्यक कदम चाल्न सुझाव ।
- बैंकका शाखाहरुबाट प्रवाह हुने सेवा सुविधाको गुणस्तर कायम राख्न एवं ग्राहकहरुको विश्वास वृद्धि गर्न मानव संशाधन लगायत आवश्यक स्रोतसाधन सदासर्वदा सुनिश्चित गर्नुपर्ने धारणा व्यक्त ।
- प्रबन्ध संचालकको कार्यकाल थप भएमा बैंकको उत्पादनशीलता वृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै पूर्व वक्ताहरुको सो सम्बन्धी रायमा सहमति व्यक्त ।
- बैंकले क्रेडिट कार्ड जारी गर्न आवश्यक रहेको सुझाव ।
- बैंकले बजार प्रवर्धनका कार्यहरु थप विस्तार गर्नुपर्ने धारणा व्यक्त ।
- बैंकको प्रधान कार्यालय भवन निर्माण भएकोमा धन्यवाद व्यक्त ।

**१०. श्री भरत बहादुर कार्की :**

- साधारण सभा आयोजना गर्दा फरक ढंगले सक्षम शेयरधनीहरु समेत आउन जान एवं छलफलमा सहभागी हुन सहज हुने व्यवस्था मिलाउन सुझाव ।
- बैकले संचालन गर्ने संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरुमा फरक ढंगले सक्षम व्यक्तिहरुलाई सहयोगी हुने सहायक सामग्रीहरु समेत समेट्न सुझाव ।
- बैंकलाई मर्जर वा एक्विजिसनमा जान उपयुक्त नहुने सुझाव ।

**११. श्री सुदिप श्रेष्ठ :**

- विषम परिस्थितिका बाबजुद बैंकले यस वर्ष वितरण गर्न प्रस्ताव गरेको १०.५५% लाभांश सन्तोषजनक रहेको धारणा व्यक्त ।
- बैंक मर्जर वा एक्विजिसनमा जाँदा समान हैसियत, कार्यप्रणाली तथा संस्कृति भएको बैंक वा वित्तीय संस्था छनौट गर्नुपर्ने धारणा व्यक्त ।
- बैंकले सुरुवात गरेको रुपे कार्ड एक्वायरिङ्ग सेवाले पर्यटकीय क्षेत्रमा टेवा पुग्ने विश्वास व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम मार्फत बैंकबाट हुने योगदानबाट लक्षित वर्ग लाभान्वित हुन भन्ने अभिप्रायले बैंकले सो को आवश्यक अनुगमन गर्न र शेयरधनीहरुलाई पनि त्यस्ता कार्यक्रमहरुको जानकारी दिन अनुरोध ।
- बैंकको उत्तरोत्तर प्रगतिको कामना ।

**१२. श्री व्यास कुमार शर्मा :**

- बैंकका प्रवन्ध संचालकले बैंकको प्रगतिका लागि खेल्नु भएको भुमिकालाई मध्यनजर गर्दै वहाँको कार्यकाल थप गर्न पहल गर्न अनुरोध ।
- बैक मर्जर वा एक्विजिसनमा जानुको सट्टा दरिलो पुँजीगत आधार बनाएर अगाडि बढ्न सुझाव ।
- बैंकको व्यवसाय विस्तार गर्न र लगानीको क्षेत्र फराकिलो बनाउन सुझाव ।
- बैंकले संकलन गरेको स्रोत साधनको उच्चतम उपयोग गर्न सुझाव ।
- डिजिटाइजसेन सँगसँगै हाल उच्च गतिमा विस्तार हुँदै गएको आर्टिफिसिएल इन्टेलिजेन्स (Artificial Intelligence) को उपयोग बैंकले समेत बढाउँदै लैजानु पर्ने सुझाव ।
- बैंकले कर्जाको गुणस्तर सुनिश्चित गरेर मात्र कर्जा लगानी गर्नुपर्ने सुझाव ।
- उत्प्रेरित कर्मचारीहरुबाट मात्र उच्च स्तरको कार्यसम्पादन अपेक्षा गर्न सकिने भएकाले बैंकले आफ्ना कर्मचारीहरुलाई उत्प्रेरित गर्न तथा निजहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक कार्य गर्न सुझाव ।

श्रीधर अधिकारी
(कम्पनी सचिव)

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

जयती बन्सल
(अध्यक्ष)

- आवश्यकता अनुसार समय सापेक्ष नयाँ प्रोडक्ट तथा सेवाहरु विस्तार गर्न तथा सहायक कम्पनीको सेवाहरु समेत विस्तार गर्न सुझाव ।
- गैर कोषमा आधारित व्यवसाय वृद्धि गरी सो वापतको आम्दानी वढाउन आग्रह ।
- संचालन खर्च घटाउन सुझाव ।
- बैंकले कायम गर्नुपर्ने ब्याजदर अन्तरलाई मध्यनजर गर्दै आम्दानी वृद्धिका लागि व्यवसाय विस्तार गर्न जरुरी रहेको धारणा व्यक्त ।
- आगामी वर्ष २०% भन्दा बढी लाभांश वितरण गर्ने उद्धेश्यका साथ रणनीति बनाएर अघि बढ्न अनुरोध तथा सो का लागि शुभकामना व्यक्त ।

**१३. श्री ध्रुव राज न्यौपाने :**

- Expressed thankfulness for proposing dividend of 10.55% and expectation of higher return in the coming year.
- Advised not to go for merger or acquisition.
- Suggested to increase paid up capital to strengthen the Bank.
- Requested to work out strategically to reduce NPA of the Bank.

**१४. श्री निरुपमा गुप्ता :**

- बैंकको वार्षिक आर्थिक विवरण बमोजिम अधिकतम वित्तीय सूचकहरु सकारात्मक रहेकोमा खुशी व्यक्त ।
- बैंकको सम्पत्तिमा प्रतिफल नगण्य मात्रामा भएर्पनि घटेको र निष्कृय कर्जा अनुपात बढेकोमा ध्यानाकर्षण ।
- आगामी वर्ष शेयरधनीहरुलाई वितरण गरिने लाभांशको दर वृद्धि हुने अपेक्षा ।
- बैंकको संचालन खर्च कम गर्न मितव्ययी तवरले कार्य गर्न सुझाव ।
- आगामी वर्ष बैंकलाई प्रगतिपथमा लैजाने बारेको बैंकको योजना तथा लगानी नीति बारे शेयरधनीलाई जानकारी दिन अनुरोध ।
- बैंकको उत्तरोत्तर प्रगतिको कामना ।

**१५. श्री उत्सव सुन्दर श्रेष्ठ :**

- आगामी वर्ष बैंकको साधारण सभा अन्य स्थानमा गर्ने विषयमा विचार गर्न सुझाव ।
- सर्वसाधारण शेयरधनीहरुको हित एवं अपेक्षालाई विशेष ध्यान दिएर आगामी वर्षको लाभांश वितरण प्रस्ताव गर्न सुझाव ।
- संस्थागत सामाजिक उत्तरदायित्वमा हुने खर्च सदुपयोग भएको सुनिश्चित गर्न सो को अनुगमन गर्ने व्यवस्था गर्न सुझाव ।

**१६. श्री महेन्द्र बहादुर श्रेष्ठ :**

- नेपालको वैदेशिक मुलुकसँग हुने व्यापारको ठूलो हिस्सा नेपाल र भारतबीच हुने द्विपक्षीय व्यापारले ओगट्दै आएको सन्दर्भमा भारतीय स्टेट बैंकसँगको सहकार्यमा नेपाल एसबिआई बैंकको व्यवसाय थप विस्तार एवं प्रवर्द्धन गर्न सुझाव ।

| | | |
|---|---|---|
| श्रीधर अधिकारी | NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM. | जयती बन्सल |
| (कम्पनी सचिव) | | (अध्यक्ष) |

- नेपाल एसविआई वैंकले आफ्ना एटिएम तथा पिओएसमा भारतमा जारी भएको रुपे कार्ड एक्वायरिङ्ग गर्ने सेवा सुरुवात गरेको सन्दर्भमा भारतीय स्टेट वैंकसंगको सहकार्यमा अन्य यस्तै प्रकारका सुविधा विस्तार गरी भारतवाट नेपाल भित्रिने पर्यटकहरुलाई थप सुविधा उपलब्ध गराउन सके पर्यटन विस्तारमा थप सहयोग पुग्ने विचार व्यक्त ।
- वैंकले ऋणीहरुसँग सुमधुर सम्वन्ध स्थापना गर्दै ऋणीहरुले तिर्नुपर्ने ऋणकर्जा यथा समयमा भुक्तानी हुने सहज वातावरण वनाउन सुझाव ।
- राष्ट्र वैंकको निर्देशनको परिधिभित्र रही आगामी वर्ष वैंकले उच्च लाभांश वितरण गर्न सक्षम होस् भन्ने शुभकामना ।

**१७. श्री रामचन्द्र पोखरेल (प्रतिनिधि-कर्मचारी संचय कोष) :**

- वैंकको पुँजीकोष वृद्धि गरी व्यवसाय थप विस्तार गर्न सुझाव ।
- वर्तमान अवस्थामा वैंकलाई मर्जरमा लैजान उपयुक्त नदेखिएको धारणा व्यक्त ।
- वैंकलाई प्रगतिपथमा अघि वढाउनका लागि कर्मचारी संचय कोषका तर्फवाट सदैव नैतिक, भौतिक एवं बौद्धिक साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त ।

**ख) लिखित रुपमा मन्तव्य/सुझाव उपलब्ध गराउने शेयरधनीहरू :**

**१. श्री कृष्ण प्रसाद अधिकारी :**

- वैंकले समयमै साधारण सभा आयोजना गरेकोमा धन्यवाद व्यक्त ।
- वार्षिक प्रतिवेदनमा वैंकका कर्मचारीहरुको लैगिंक प्रतिनिधित्वको प्रतिशत समेत उल्लेख गर्न सुझाव ।
- यस वर्ष प्रस्तावित लाभांश सन्तोषजनक रहेको र आगामी वर्ष यसलाई थप वृद्धि गर्न सुझाव ।
- वैंकको प्रगतिको लागि शुभकामना व्यक्त ।

**२. श्री ब्रम्हदेव शाक्य :**

- आ.व. २०७८/७९ मा भन्दा आ.व. २०७९/८० मा इक्विटीमा प्रतिफल, प्रति शेयर आम्दानी वृद्धि भएता पनि निष्कृय कर्जा अनुपात वढेकाले निष्कृय कर्जा घटाउन उपयुक्त कदम चाल्न सुझाव ।
- संचालक समितिको प्रतिवेदन समसामयिक, यथार्थ परक र उत्साहजनक रहेकोले वैंकले भविष्यमा दिगो विकास गर्ने र शेयरधनीहरुलाई समयोचित लाभ दिने कुरामा विश्वास व्यक्त ।
- वैंकको संस्थागत सुशासनमा निष्पक्षता, जवाफदेहिता, पारदर्शीता र उत्तरदायित्वलाई अंगिकार गरी व्यावसायिक आचरणमा नैतिकतालाई प्राथमिकता दिएकोमा प्रशंसा ।
- ठूला जलाशययुक्त विद्युत आयोजनामा लगानी गर्न सुझाव ।
- मर्जर र एक्विजिशनमा जान उपयुक्त नहुने सुझाव ।
- वैंकको निरन्तर उन्नति र प्रगतिका लागि कार्य गरी यस वर्ष ६.८०% नगद लाभांश र ३.७५% वोनश शेयर प्रस्ताव गरेकोमा वैंकको संचालक समिति, व्यवस्थापन र सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त ।

श्रीधर अधिकारी
(कम्पनी सचिव)

जयती बन्सल
(अध्यक्ष)

३. श्री चन्द्र नारायण श्रेष्ठ :

- यस वर्ष ६.८०% नगद लाभांश र ३.७५% बोनश शेयर प्रस्ताव गरेकोमा खुशी व्यक्त ।
- विषम परिस्थितिका बाबजुद बैंकले राम्रो प्रतिफल दिएकोमा संचालक समितिका अध्यक्ष, संचालकहरु, व्यवस्थापन र सम्पूर्ण कर्मचारीहरुलाई धन्यवादका साथ आगामी वर्षहरुमा यसैगरी उच्च प्रतिफल सुनिश्चित हुनेगरी कार्यसम्पादन हुने विश्वास व्यक्त ।
- कम लागतयुक्त स्रोत संकलनतर्फ विशेष प्राथमिकता दिन सुझाव ।
- इस्वी संवत् अनुसारको नयाँ वर्ष २०२४ को शुभकामनाका साथ बैंकको प्रगतिको कामना ।

*****

श्रीधर अधिकारी
(कम्पनी सचिव)

जयती बन्सल
(अध्यक्ष)